आ.ब.२०८१/८२ को एघारौं कार्यपालिका बैठक                    १५ चैत्र, २०८१, ने.स. ११४५, चौलाथ्व, प्रतिपदा, आईतबार

आज मिति २०८१ चैत्र १५ गते आईतवार दिनको २:४५ बजे यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०८१/८२ को एघारौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कै. |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शेर बहादुर बि.सी. | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स/प्रवक्ता | श्री वच्चुराज वस्याल | | |

CamScanner

आ.व.२०८१/८२ को एघारौं कार्यपालिका बैठक १५ चैत्र, २०८१, ने.स. ११४५, चौलाथ्व, प्रतिपदा, आईतबार

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा | अघिल्लो नगर कार्यपालिका बैठकले पारित गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समिक्षा गरियो । |
| २ | अनुगमन समितिबाट पेश भएका अनुगमन प्रतिवेदन उपर छलफल सम्वन्धामा | चालु आर्थिक बर्ष २०८१/८२ को नगरस्तरिय तथा वडा स्तरिय आयोजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन भई सम्वन्धित समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु उपर छलफल गरियो ।उक्त प्रतिवेदनहरु अनुमोदन गरी आगामी दिनमा आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरीवेक्षण कार्यमा थप सुधारका लागि निर्देशन दिने । |
| ३ | वडा नं. ११ को सामुदायीक भवनको विस्तृत परियोजना प्रतिवेदन DPR पुनरावलोकन एवं भेरिएसन सम्वन्धमा | टोखा नगरपालिकाको नगरसभा बैठकबाट वडा नं. ११ स्थित वनदेवी सामुदायिक भवन निर्माणको आयोजना स्वीकृत गरी ( ठेक्का नं. ४२/ NCB/TM/W/२०८०-८१) मिति २०८१-०९-०१ मा निर्माण व्यवसायी श्री D.S/S.R Buildres JV संग कार्यसंचालनको सम्झौता भई मिति २०८१-९-४ मा कायदिश दिईएकोमा साविक Design अनुसार कार्य सम्पादन गर्न स्थानीयबासीको अवरोधका कारण समस्या सिर्जना भएकोले स्थानीय वासीको माग, वडा कार्यालयको सिफारिस अनुसार साविकको Design तथा लागत अनुमान पुनरावलोकन गरी प्राप्त भएको यसै साथ संलग्न लागत अनुमान सहितको Design र भेरिएसन स्वीकृत गर्ने । उक्त लागत अनुमान सहितको Design र भेरिएसन अनुसार कार्य गर्न सम्वन्धि निर्माण व्यावसायीलाई नयाँ सम्झौता अवधि सहितको भेरिएसन आदेश जारी गर्ने । |
| ४ | टोखा नगरपालिकामा एकीकृत कर अभियान संचालन सम्वन्धी कार्यविधि,२०८१ स्वीकृत सम्वन्धमा | टोखा नगरपालिकामा एकीकृत कर अभियान संचालन सम्वन्धी कार्यविधि,२०८१ स्वीकृत गर्ने ।<br>स्वीकृत कार्यविधि बमोजिम चालु आ.ब. २०८१/८२ मा एकीकृत कर अभियान मिति २०८२ बैशाख २ गते देखि संचालन गर्ने । |
| ५ | चालु आ.ब. २०८१/८२ को आयोजना सम्झौता समयसीमा तोक्ने सम्वन्धमा | चालु आ.ब. २०८१/८२ को लागि स्वीकृत उपभोक्ता समिति/टोल विकास संस्था/ लाभग्राही समूह मार्फत कार्यान्वयन हुने पूर्वाधार विकास तर्फका आयोजनाहरुको सम्झौताको समयसीमा २०८२ जेठ १५ सम्म तोक्ने । |
| ६ | टोखा नगरपालिकाको 'घ' | सि.नं. \| निर्माण व्यावसायीको नाम \| व्यावसाय रहने वडा \| कै. |

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा | | |
|---|---|---|---|---|
| | वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम संलग्न निर्माण व्यावसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने । | | | नं. |
| | | १. | सहारा कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ |
| | | २. | युनिक भिजन कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१० |
| | | ३. | जुना निर्माण सेवा प्रा.लि. | टोखा-८ |
| | | ४ | सिजा कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ |
| | | ५ | त्रिपुरारी कन्स्ट्रक्सन प्रा.लि. | टोखा-८ |
| | | ६ | प्याराडाइज कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि | टोखा-४ |
| | | ७ | कृपा बिल्डर्स एण्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१ |
| | | ८ | चाम्लिङ्ग एण्ड बान्तवा ग्रुप कन्स्ट्रक्सन सप्लायर्स प्रा.लि. | टोखा-८ |
| | | ९ | लच्याङ बिल्डर्स प्रा.लि. | टोखा-३ |
| | | १० | दाजु भाई कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ |
| | | ११ | पि.पि.टी.कन्स्ट्रक्सन कम्पनि प्रा.लि. | टोखा-८ |
| | | १२ | डि.आर.मल्टि कन्स्ट्रक्सन कम्पनि प्रा.लि. | टोखा-३ |
| | | १३ | रबि रेहान बिल्डर्स प्रा.लि. | टोखा-८ |
| | | १४ | असरपती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-८ |
| | | १५ | रेडनट कन्स्ट्रक्सन प्रा.लि. | टोखा-१० |
| | | १६ | मङ्ज्ये ज्योहो निर्माण सेवा प्रा.लि. | टोखा-३ |
| | | १७ | गेरुवा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-७ |
| | | १८ | लालीगुराँस बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | टोखा-४ |
| | | १९ | इङ्गटेक कन्स्ट्रक्सन प्रा.लि. | टोखा-३ |
| | | २० | एन.जि.बी.एण्ड पापा सुपर फाष्ट कन्स्ट्रक्सन कम्पनि प्रा.लि. | टोखा-३ |
| | | २१ | राइज एण्ड बिल्ड कन्स्ट्रक्सन प्रा.लि. | टोखा-४ |
| | | २२ | वज्र निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. | टोखा-३ |
| | | २३ | मा जगदम्बा बिल्डर्स प्रा.लि. | टोखा-३ |
| | | २४ | कागमारा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | टोखा-५ |
| | | २५ | उत्कृष्ट बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | टोखा-५ |
| | | २६ | हिमाल हेरिटेज बिल्डर्स प्रा.लि. | टोखा-८ |
| ७ | वालवालिका सम्वन्धी खण्डिकृत तथ्याङ्क संकलनका लागि नपुग बजेट व्यवस्थापन | टोखा नगरपालिकाको १५ औं नगरसभा अधिवेशन बैठकको सि.नं. १७० मा वालवालिका सम्वन्धी खण्डिकृत तथ्याङ्क संकलनको कार्यक्रम स्वीकृत भई रकम रु. ३ लाख विनियोजन भएकोमा उक्त रकम नपुग हुने भएकोले थप रकम रु १ लाख १५ औं नगरसभाको सि.नं. १९४ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । | | |

CamScanner

आ.ब.२०८१/८२ को एघारौं कार्यपालिका बैठक २०८१ चैत्र १५, २०८१, ने.स. ११४५, चौलाथ्व, प्रतिपदा, आईतबार

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | सम्वन्धमा | |
| ८ | टोखा चण्डेश्वरी अस्पताल भवन निर्माणको लागि जग्गा प्राप्ति गर्न सहमति प्रदान गर्ने सम्वन्धमा | टोखा चण्डेश्वरी अस्पतालको मिति २०८१-११-२२,च.नं. ४०१ को पत्रबाट माग भई आए बमोजिम उक्त अस्पतालको सेवा विस्तारको लागि स्वास्थ्य भवन पूर्वाधार निर्माण गर्न टोखा नगरपालिका वडा नं. २ साविक टोखा चण्डेश्वरी गा.वि.स वडा नं. ९ ख र ६ ख मा रहेको जग्गा मध्ये हाल रहेको भवनको दक्षिण तथा पूर्वी भागमा रहेको २० रोपनी जग्गा प्रचलित जग्गा प्राप्ती सम्वन्धी कानुन बमोजिम प्राप्त गर्न टोखा चण्डेश्वरी अस्पताललाई सहमति प्रदान गर्ने । |
| ९ | प्रदेश आर्युर्वेदिक अस्पताल संचालनको लागि सहमति प्रदान गर्ने सम्वन्धमा | चण्डेश्वरी प्रदेश आयुर्वेदिक अस्पताल संचालन गर्न जग्गाको व्यवस्थापन नभए सम्मको लागि टोखा नगरपालिका वडा नं. २ साविक चण्डेश्वरी गाविस वडा नं. ६ क को कित्ता नं. १ मा बनेको सामुदायिक भवनमा प्रदेश आयुर्वेदिक अस्पताल संचालनको लागि सहमति प्रदान गर्ने । |
| १० | घर नम्बर वितरण प्रणालीको कार्य प्रगति उपर छलफल तथा घर नम्बर प्लेटको डिजाईन स्वीकृति सम्वन्धमा | टोखा नगरपालिकाबाट संचालित घर नम्बर वितरण प्रणाली निर्माणको हाल सम्मको प्रगति बारे सम्वन्धित परामर्शदाताबाट प्रस्तुतीकरण भई सो उपर छलफल र समीक्षा गरियो । साथै यसै साथ संलग्न जडान हुने नम्बर प्लेटको डिजाईन स्वीकृत गर्ने । |
| ११ | होराईजन क्षेत्रमा सडक कालोपत्रे वडा नं. -७ , ठेक्का नं. 03/NCB/TM/W/2078-79 को अन्तिम विल भुक्तानी सम्वन्धमा | टोखा नगरपालिका र Tingla-Budhanilkantha JV वीच होराईजन क्षेत्रमा सडक कालोपत्रे वडा नं. -७, ठेक्का नं. 03/NCB/TM/W/2078-79 कार्यको लागि मिति २०७८-८-२६ मा सम्झौता भई सम्झौता अवधि ( २०७९-१२-३०) भित्र कार्य सम्पन्न भएकोमा सो को निर्माण स्थलमा विद्युत प्राधिकरण मार्फत बिजुलीको तार भुमिगत गर्दा बाटोको एकातर्फी खनेको र माटो फिल गरेको स्थानमा राम्रोसंग Soil Compect नगरेको कारण उक्त ठेक्काको DLP समय सम्पन्न भए पश्चात मात्र भुक्तानी हुने गरी अन्तिम विल वापतको रकम रोक्का राखे गरी मिति २०७९-१२-२६ मा निर्णय भएकोमा सम्वन्धित प्राविधिकबाट मिति २०८१-११-२२ मा पेश भएको फिल्ड प्रतिवेदन अनुसार फिल्डमा मर्मत गर्नु पर्ने कार्य बाँकी नरहेको र DLP समय समेत समाप्त भई सकेकोले अन्तिम विल वापत रोक्का राखिएको रकम रु. ७५९६२४/३४ सम्वन्धित निर्माण व्यवसायीलाई भुक्तानी गर्ने । |
| १२ | सम्माननीय राष्ट्रपतिज्यूको सपनातिर्थ मेलामा पूजाआरधना एवं अवलोकनको लागि अनुरोध गर्ने | टोखा स्थित सपनतिर्थ मन्दिर परिसरमा प्रत्येक बर्षको बैशाख १ देखि ३ गते सम्म लाग्ने मेलाको अवसरमा प्रत्येक बर्ष बैशाख १ गते सपनतिर्थ मन्दिरमा पूजाआरधना एवं जात्रा अवलोकनको लागि सम्माननीय राष्ट्रपतिज्यू सवार हुने व्यवस्थापन मिलाईदिनु हुन राष्ट्रपतिको कार्यालय एवं अन्य सम्वन्धित निकायमा अनुरोध सहित पत्राचार गर्ने । |

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| १३ | विविध | १. टोखा नगरपालिका वडा नं. १ स्थित नयाँवस्ती मा सुन्दर बस्ती समितिलाई नगरपालिकामा दर्ता गरी उपभोक्ता समिति दर्ता प्रमाणपत्र जारी गर्न नगरपालिकाको सामाजिक समावेशीकरण शाखालाई निर्देशन दिने ।<br>२. टोखा नगरपालिकाको ऐतिहासिक सांस्कृतिक पर्व टोखा विष्का:जात्रा २०८२ को उपलक्ष्यमा मिति २०८२ बैशाख ४ गते टोखा नगरपालिका भरी तथा वैशाख ३ गते टोखा नगरपालिका वडा नं. २ र ३ मा स्थानीय पर्वको अवसरमा सार्वजनिक विदा दिने । सो दिन टोखा नगरपालिका, अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु ( अत्यावश्यक वाहेकका सेवा) तथा शैक्षिक संस्थाहरु वन्द रहने ।<br>३. वडा नं. १ स्थित कृषि सडक निर्माणको लागि साविकमा केहि काम शुरु भई धेरै काम गर्न बाँकी रहेको, सोहि आयोजना स्थलमा टोखा नगरपालिकाको नगरसभाको १५औं अधिवेशनबाट सि.नं. ३७८ मा कृषि सडक निर्माण क्रमागत शिर्षकको आयोजना स्वीकृत भई रु. २५ लाख विनियोजन भएकोले विनियोजित बजेटको परिधिभित्र रही थप केहि निर्माण कार्य संचालन गर्ने गरी स्वीकृत आयोजना कृषि सडक निर्माण उपभोक्ता समितिसंग सम्झौता गरी कार्यान्वयन प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने, सो पश्चात समेत धेरै काम गर्न बाँकी हुने भएकोले संघ तथा प्रदेश सरकारसंगको सहकार्यमा आवश्यक बजेट व्यवस्थापन गरी साथै सो सडक निर्माणमा देखिएको विवादको सम्वन्धित सबै सरोकारवालाहरु समेतको सहभागितामा समाधान गरी सडक निर्माण कार्य पुरा गरी निर्मित सडकको दिगो रुपमा संचालनको प्रवन्ध मिलाउने ।<br>४. टोखा नगरपालिका वडा नं. ३ स्थित भूतखेल चौरको सडक वालमा टोखाको ऐतिहासक सम्पदा एवं संस्कृति झल्कने भित्ते लेखन संरक्षणको लागि प्राविधिक लागत अनुमान अनुसारको रकम १५ औं नगरसभाको सि.नं. २७५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने ।<br>५. वडा नं. ३ स्थित लक्ष्मीचोकमा सडक अवरुद्ध हुने गरी सडक भासिएकोले सो मर्मत कार्यको प्राविधिक मूल्याङ्कन अनुसारको रकम सम्वन्धित मर्मत कर्तालाई १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।<br>६. टोखा नगरपालिका नगरसभाको १६ औं अधिवेशन बैठकबाट कुवँर कोलनी आसपास ब्लक छाप्ने र सार्वजनिक जग्गामा पहिरो नियन्त्रणका लागि वाल निर्माण शिर्षकको आयोजना स्वीकृत भई रकम विनियोजन भएकोमा टोखा नगरपालिका वडा नं. ६ स्थित कुंवर कोलनी भित्रको सडक नेपाल सरकारको नाममा रहेको, कोलनी भित्रका वासिन्दाले मात्र प्रयोग नगर्ने गरी सो कोलनी भित्र ब्लक छाप्ने एवं टोखा नगरपालिका वडा नं. ६ साविक धापासी गा.वि.स वडा नं. ४ सिट नं. १०२०९४६०१ कि.नं. ४ को सार्वजनिक जग्गामा विनियोजित बजेटको परिधिभित्र रही आवश्यक सडक ब्लक छाप्ने एवं अन्य संरचना निर्माण प्रकृया अगाडि बढाउन नगरपालिका प्रशासनलाई निर्देशन दिने ।<br>७. यस नगरपालिका र Sparta Consult Pvt.Ltd पक्ष/ विपक्ष भएको Sparta Consult |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | Pvt.Ltd बीच Preparation of master plan and DPR of proposed Gumba at Tokha Municipality-1 तयारी सम्वन्धी विवाद समाधानको लागि नगरपालिकाको तर्फबाट नियुक्त भएका मध्यस्थ श्री नेपाल ईन्टरनेशनल ए.डी.आर.सेन्टर – NIAC वाट मिति २५ अगस्ट २०२४,च.नं. २१३/०८०/०८१ को पत्र मार्फत अनुरोध भई आए बमोजिम यस कार्यालयले व्यहोर्नु पर्ने मध्यस्थ शुल्क तथा अन्य प्रशासनिक खर्च वापतको रकम रु. १३६९४२/- नगरसभाबाट सेवा तथा परामर्श खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट Nepal International ADR Center-NIAC लाई भुक्तानी उपलव्ध गराउने ।<br>८. यस नगरपालिका र गौरा श्रृङ्खला जेभी पक्ष/ विपक्ष भएको टोखा नगरपालिकाको प्रशासकीय भवन निर्माणमा भएको भुक्तानी सम्वन्धी विवाद समाधानको लागि नगरपालिकाको तर्फबाट नियुक्त भएका मध्यस्थ श्री Dispute Resolution Center Nepal – DRC वाट मिति १९ मार्च २०२५ को पत्र मार्फत अनुरोध भई आए बमोजिम यस कार्यालयले व्यहोर्नु पर्ने मध्यस्थ शुल्क तथा अन्य प्रशासनिक खर्च वापतको रकम रु. ५५६६५८/३३ नगरसभाबाट सेवा तथा परामर्श खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट Dispute Resolution Center Nepal – DRC लाई भुक्तानी उपलव्ध गराउने ।<br>९. वडा नं. ११ स्थित गोरखकाली मन्दिरको तल विष्णुमति नदी किनार करिडोरमा बाँकी खण्डमा बार राख्ने एवं नदी तटमा ओर्लने छिढीं निर्माण कार्यको आयोजना स्वीकृत गरी १५ औं नगरसभाको सि.नं. २७५ मा विनियोजित रकम मध्येबाट रु २ लाख ५५ हजार विनियोजन गर्ने ।<br>१०.औषधि उपचार सहायता माग गरेका आर्थिक अवस्था कमजोर भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई चिकित्सकको प्रेस्किप्सन र वील भर्पाई बमोजिम हुने गरी औषधि उपचार खर्च शिर्षकबाट तपशिल वमोजिमको रकम उपलब्ध गराउने । |

| क्र.स | विरामीको नाम थर | वडा नं. | सम्वन्धित रोग | सहयोग रकम रु. हजार |
|---|---|---|---|---|
| १ | गायत्री देवकोटा | १ | पेट सम्वन्धी | रु. २० |
| २ | नैनकला कार्की | ९ | मुटु सम्वन्धी | रु. २० |
| ३ | ठुली कुमारी ढकाल | ३ | | रु. १५ |
| ४ | श्यामकृष्ण सिल्पकार | ८ | हाडजोर्नी सम्वन्धी | रु. २० |
| ५ | सुबिन्द्र श्रेष्ठ | ३ | मेरुदण्ड सम्वन्धी | रु. १५ |
| ६ | पूर्ण कुमारी सर्किनी | १० | दम सम्वन्धी | रु. १५ |
| ७ | सानु खत्री | ४ | मुटु सम्वन्धी | रु. २० |
| ८ | मंगलमान महर्जन | ९ | मिर्गौला सम्वन्धी | रु. २० |
| ९ | विनोद महर्जन | १० | मुटु सम्वन्धी | रु. २० |

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १० | निर्मला अधिकारी | १० | क्यान्सर सम्वन्धी | रु. २० |
| ११ | धुर्व कुमार श्रेष्ठ | ६ | मेरुदण्ड सम्वन्धी | रु. १५ |
| १२ | अकल बहादुर महर | ६ | पेट सम्वन्धी | रु. २० |
| १३ | धनमायाँ विश्वकर्मा | ८ | क्यान्सर सम्वन्धी | रु. २० |
| १४ | दिल कुमारी पाण्डे | १० | घुडाको हड्डी खिईएको | रु. २० |

११.वडा नं. ३ मा रहेको मु:ध्वाखा टोलमा परम्परा अनुसारको चार्डपर्व तथा सांस्कृति बाजागाजा तथा सामाग्रीहरु खरिदको लागि १५ औं नगरसभाको सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु. २ लाख ५० हजार विनियोजन गर्ने ।

१२.टोखा नगरपालिका वडा नं. ५ साविक धापासी गा.वि.स वडा नं. ९ सिट नं. १०२०९४६-२२ कि.नं. ४ एवं सो आसपासका सार्वजनिक पर्तीजग्गा संरक्षण कार्य(तारवार लगाउने) गर्नको लागि सम्वन्धित वडा कार्यालयको सिफारिस एवं प्राविधिक लागत अनुमान बमोजिम पेश भएको रकम १५ औं नगरसभाको सि.नं. २६१ मा विनियोजित रकम मध्येबाट लागत अनुमान बमोजिमको रकम रु. ६०६८३१.५० विनियोजन गर्ने ।

१३. टोखा नगरपालिकाको नगरसभा बैठकबाट सि.नं. २६१ सार्वजनिक जग्गा संरक्षण कोषमा विनियोजित रकम मध्येबाट खर्च हुने गरी वडा नं. १,२,४,६ र १०मा सम्वन्धित वडाका सिफारिसपत्रको आधारमा सार्वजनिक जग्गा संरक्षण कार्यको लागि स्थान पहिचान तथा आयोजना स्वीकृत गरी आवश्यकता अनुसार रकम विनियोजन गर्न नगरकार्यपालिकाबाट गठन भएको सार्वजनिक जग्गा संरक्षण समितिलाई अख्तियारी दिने ।

१४.वडा नं. ३ र ८ को भागमा रहेको पिण्डेश्वर क्रियापुत्री भवनको पार्किङ्ग क्षेत्रको भित्री भागमा रहेको अधुरो ब्लक विछ्याउने एवं अन्य कार्य पुरा गर्नको लागि १५ औं नगरसभाको आयोजना सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. ४ लाख विनियोजन गर्ने ।

१५.टोखा नगरपालिकाको समग्र क्षेत्र समेटि नगरपालिकाले सम्पादन गरेका काम कार्वाहीहरुको नगर पार्श्वचित्र निर्माण तथा प्रशारणको लागि १५ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु ३ लाख विनियोजन गरि प्रकृया अगाडि बढाउने ।

१६.वडा नं. ८ स्थित संगम टोल सडक स्तरोन्नती, ढल तथा पानी व्यवस्थापनको लागि १५ औं नगरसभाबाट आयोजना स्वीकृत भई रकम विनियोजन भई कार्य संचालन भएकोमा सो क्षेत्रको भित्री सडक साविकमा छुट भएकोले उक्त बाँकी खण्डमा उक्त कार्य संचालनको लागि १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट रु. ३ लाख ७५ हजार विनियोजन गरी संगम टोल विकास संस्थालाई थप कायदिश दिने ।

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | १७.वडा नं. १ स्थित जाउँनेफाँट मोटरबाटो स्तरोन्नतीको लागि १५ औं नगरसभाको सि.नं. ३२२ मा आयोजना स्वीकृत भई रकम विनियोजन भई कार्यान्वयनमा रहेकोमा आयोजना संचालनको क्रममा थप कार्य गर्नु पर्ने भएको र सोको लागि विनियोजित रकम नपुग हुने देखिएकोले सोहि कार्यको लागि थप लागत अनुमान बमोजिम रु. ४ लाख १५ औं नगरसभाको सि.नं. २६३ मा विनियोजित रकम मध्येबाट विनियोजन गरी सम्वन्धित जाउने फाँट मोटरबाटो उपभोक्ता समितिलाई थप कार्य समेत संचालन गर्न कायदिश दिने ।<br>१८. टोखा नगरपालिका वडा नं. २ स्थित चोब्ली हुदै चण्डेश्वरी जाने सडकको दायाँबायाँ साईडड्रेन निर्माण कार्यको लागि आयोजना स्वीकृत गरी १५/१६ औं नगरसभाबाट सि.नं. २६३ मा विनियित रकम मध्येबाट रु. १० लाख रकम विनियोजन गरी सम्वन्धित वडा कार्यालय मार्फत सिफारिस हुने लाभग्राही समूहसंग सम्झौता गरी स्वीकृत आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>१९.वडा नं. ६ स्थित आनन्द वस्ती पूर्व तर्फ देवदूत ढकालको घर तर्फ जाने बाटो स्तरोन्ती कार्यको लागि आयोजना स्वीकृत गरी १५/१६ औं नगरसभाबाट सि.नं. २७५ मा विनियित रकम मध्येबाट रु. ४ लाख ३९ हजार रकम विनियोजन गरी स्वीकृत आयोजना कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>२०.यस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका तथा दर्ता हुने तपशिल बमोजिम स्वास्थ्य संस्थाहरुलाई नियमानुसार नगरपालिकामा दर्ता तथा नविकरण गरी प्रमाणपत्र जारी गर्न नगरपालिकाको स्वास्थ्य शाखालाई निर्देशन दिने । |

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | संचालित वडा | सेवाको प्रकार | कै. |
|---|---|---|---|---|
| १ | Kasyap Medical Centre | टोखा-७ | क्लिनिक | |
| २ | काठमाडौं पेन मेनेजमेन्ट सेन्टर प्रा.लि | टोखा-५ | क्लिनिक | |
| ३ | आमा अस्पताल | टोखा-१० | १५ शैयाको अस्पताल | |
| ४ | इभा डाईग्नोष्टिक प्याथल्याव प्रा.लि. | टोखा-६ | डि समूहको प्रयोगशाला | |
| ५ | उमा भण्डारी फिजियोथेरापी | टोखा-११ | फिजियोथेरापी क्लिनिक | |
| ६ | आयुर्वेद हेल्थ होम प्रा.लि. | टोखा-७ | आयुर्वेद क्लिनिक | |

२१.टोखा नगरपालिकाका विभिन्न वडा कार्यालय एवं राजस्व शाखाबाट आ.व. २०८१/८२ मा सेवाग्राहीबाट नगरपालिकामा विभिन्न प्रयोजनको लागि राजस्व तिर्ने क्रममा तिर्नु पर्ने भन्दा बढी/ तिर्नै नपर्ने राजस्व दाखिला भएको तपशिल बमोजिमको राजस्व फिर्ता गर्न नगरपालिकालाई निर्देशन दिने ।

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | |

| क्र.स | करदाताको नाम | फिर्ता गर्नु पर्ने राजस्व रकम | कै |
|---|---|---|---|
| १ | महेन्द्र पौडेल ( वडा नं. ११) | १५०००/- | भुल वश असुल भएकोले सबै फिर्ता गर्नु पर्ने |

२२. चालु आ.ब. २०८१/८२ मा टोखा नगरपालिकाको वडा नं. २ र ३ मा संचालन हुने ऐतिहासिक, सांस्कृतिक, मौलिक, परम्परागत बिष्खा जात्रा लगायत सम्पूर्ण जात्रा पर्व संचालन व्यवस्थापन तथा बाजाखलः गुठीहरुलाई बाजा मर्मत र तलेजु,गणेश,कुमारीको नित्य कर्मपुजा संचालन व्यवस्थापनको लागि टोखा संस्कृति संरक्षित क्षेत्र विकास समितिबाट पेश भएको यसै साथ संलग्न प्रस्तावना स्वीकृत गरी उक्त कार्यको १५/१६ औं नगरसभाबाट सि.नं. २६२ मा विनियोजित रकम मध्येबाट रु ८ लाख विनियोजन गरी स्वीकृत प्रस्तावना बमोजिमको कार्यक्रम संचालन गर्न टोखा संस्कृति संरक्षित क्षेत्र विकास समितिसंग सम्झौता गरी कार्यान्वय प्रकृया अगाडि बढाउने ।

२३.सपनतिर्थ- विष्का जात्राको अवसरमा २०८२ बैशाख १ देखि ४ गते सम्म संचालन हुने सपनतिर्थ मेला तथा टोखा बिष्खा जात्रामा तिर्थालु तथा भक्तजनको भिड हुने भएकोले सो अवसरमा ३ वटा घुम्ति शौचालय व्यवस्थापन गर्ने सोको लागि लाग्ने विल बमोजिमको रकम खर्च शिर्षक नं. २२४१४ मा विनियोजित रकम मध्येबाट सम्वन्धित संस्थालाई भुक्तानी उपलव्ध गराउने ।

२४.टोखा नगरपालिकाको परिसरमा रहेको टोखा ज्येष्ठ नागरिक समाजमा जडान भएको टेलिफोनको चालु आ.ब.को महशुल शुल्क वापतको विल बमोजिमको रकम सम्वन्धित खर्च शिर्षकबाट भुक्तानी उपलव्ध गराउने ।

२५. नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. ७९४ मा नगरपालिका कार्यालय पछाडी सडक स्तरोन्नती (थापाकुवा) शिर्षकको आयोजना स्वीकृत भएकोमा आयोजना स्थलको अवस्था अनुसार नगरपालि भवनको पछाडी रहेको पर्खाल संरक्षणको व्यवस्था समेत हुने र सो स्थानमा बाटोको निकास समेत हुने गरी नगरसभाबाट स्वीकृत आयोजना सम्वन्धित वडाबाट सिफारिस भएको सम्वन्धित लाभग्राही समूहसंग सम्झौता गरी कार्यान्वयन प्रकृया अगाडि बढाउने ।

२६.नारी संकल्प मुखपत्रमा सूचना प्रकाशन वापतको रकम रु . २० हजार गेट वे प्रिन्टर्स एण्ड डिजाईनर्स प्रा.लि.लाई सूचना प्रकाशन तथा छपाई शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने ।

२७.वडा नं. ६ को मिति २०८१-१२-१२,च.नं. २३८७ को पत्रानुसार वडा नं. ६ स्थित कृष्ण मन्दिर नजिक एरियामा खानेपानी वितरण सुधारको आयोजना स्वीकृत गरी नगरसभाको १५ औं अधिवेशनबाट सि.नं. ७२१ वडाभरिका विभिन्न स्थानमा खानेपानीको नयाँ पाइप लाइन विस्तार मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. १६५०००/-

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलब्ध गराउने ।

२८.राष्ट्रिय दलित कर्मचारी समाज-नेपालको तत्वावधानमा संचालन हुने दलित कर्मचारीहरुका लागि एक दिने क्षमता विकास सम्वन्धी अन्तरक्रिया कार्यक्रम स्वीकृत गरी लागि १५ औं नगरसभाको सि.नं. १९४ मा विनियोजित रकम मध्येबाट रु १ लाख विनियोजन गर्ने ।

२९.टोखा नगरपालिका नगरशिक्षा समितिको सिफारिसको आधारमा टोखा नगरपालिका भित्र संचालित तपशिल वमोजिमका विद्यालयहरुको कक्षा थप, नाम र स्वामित्व परिवर्तनको लागि अनुमति प्रदान गर्ने ।

क. कक्षा थपको लागि अनुमति प्रदान गरिएको विद्यालयको विवरण:

| क्र.स | विद्यालयको नाम | वडा नं. | अनुमति दिईएको थप कक्षा | कै |
|---|---|---|---|---|
| १ | प्रज्ञान एकेडेमी | ३ | १० | |
| २ | किड्स कियर इलिमेन्ट्री स्कुल | ८ | २ | |
| ३ | कुसुम इन्टरनेशनल एकेडेमी | ७ | ५ | |

ख. नाम परिवर्तनको लागि अनुमति प्रदान गरिएका विद्यालयको विवरण:-

| क्र.स | साविकको नाम | हाल कायम हुने नाम | वडा नं. | कै. |
|---|---|---|---|---|
| १ | क्युपिड चिल्ड्रेन्स होम एकेडेमी | प्रकृति पाठशाखा | ८ | |
| २ | युनिभर्सिटी स्कुल | जिनियस वर्ल्ड स्कुल( नेपाली नाम हुनु पर्ने गरी) | | |

ग. स्वामित्व परिवर्तनको लागि अनुमति प्रदान गरिएका विद्यालयहरुको विवरण:

| क्र.स | विद्यालयको नाम | साविकको शेयर धनी | हाल कायम हुने शेयर धनी | वडा नं. | |
|---|---|---|---|---|---|
| १ | जिनियस वर्ल्ड स्कुल | | | | |
| २ | न्यूमालश्री स्कुल | | | | |

३०.टोखा नगरपालिका शिक्षा युवा तथा खेलकूद शाखाबाट पेश भए अनुसार तपशिल वमोजिम नेपाल भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास समिति गठन गर्ने।

तपशिल

| सि.नं. | नाम थर | पद |
|---|---|---|
| १ | श्री बाबुराम गौतम | संयोजक |
| २ | श्री कृष्ण मान्नधर | सदस्य |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| ३ | श्री दीपक तुलाधर(विज्ञ) | सदस्य |
| ४ | श्री रविना श्रेष्ठ | सदस्य |
| ५ | श्री दिपेन्द्र डंगोल | सदस्य |
| ६ | श्री पद्मकुमारी श्रेष्ठ | सदस्य |
| ७ | श्री राम डंगोल | सदस्य |
| ८ | श्री कृतन श्रेष्ठ | सदस्य |
| ९ | श्री प्रशान्त डंगोल | सदस्य |
| १० | श्री खगेन्द्र सिंह धामी | सदस्य सचिव |

३१.टोखा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत आया, नगरशिक्षण अनुदान तर्फका शिक्षक तथा कर्मचारीहरुलाई हालसम्म दिईदै आएको पोशाक खर्च वापतको रकम प्रतिव्यक्ति बार्षिक रु. १० हजारलाई अनुमोदन गर्दै आगामी दिनमा समेत निरन्तरता दिने ।

३२.लियो क्लव अफ काठमाडौं आगमनले सांस्कृति प्रवर्द्धनका लागि गरेको विभिन्न कार्य वापत सहयोग रकम रु. २० हजार १५ औं नगरसभाको खर्च शिर्षक नं. २७११२ मा विनियोजित रकम मध्येबाट भुक्तानी उपलब्ध गराउने ।

३३.सामुदायिक सेवा केन्द्र,सामुदायिक प्रहरी सेवा केन्द्र गोगंबुँको १५ औं बार्षिक साधारण सभाको उपलक्ष्यमा प्रकाशन हुने पुस्तक प्रकाशन खर्च वापत रु. ७५ हजार १५/१६ औं नगरसभाबाट स्वीकृत खर्च शिर्षक नं. २२३१५ पत्रपत्रिका ,छपाई तथा सूचना प्रकाशन खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट भुक्तानी हुने गरी सहायता स्वरुप उपलव्ध गराउने ।

३४.टोखा नगरपालिका वडा नं. ८ स्थित त्रिपुरा टोलमा सिसिक्यामेरा जडान गर्ने कार्यको आयोजना स्वीकृत गरी स्वीकृत लागत अनुमानको ६० प्रतिशत रकम १५ औं नगरसभाको सि.नं. १०७२ मा स्थानीय उपभोक्ता लागत सहभागिता कार्यक्रम मा विनियोजित रकम मध्येबाट नगरपालिकाले तथा बाँकी ४० प्रतिशत रकम सम्वन्धित लाभग्राही समुदायले व्यहोर्ने गरी सिसिक्यामेरा जडान प्रकृया अगाडि बढाउने ।

३५.वडा नं. ३ स्थित भत्केकोपुलमा अवस्थित मनकामना वेलको पानी संचालन तथा सुधारको लागि काठमाडौं उपत्यका खानेपानी लिमिटेड,महाराजगञ्जको मिति २०८१-११-२९, च.नं. ४७९ को पत्रबाट पठाईएको लागत अनुमान अनुसारको रकम गरी नगरसभाको १५/१६ औं अधिवेशनबाट सि.नं. २७७ खानेपानी संरचना निर्माण तथा पाईपलाईन विस्तार मर्मत ( आवश्यकता अनुसार विभिन्न स्थानमा) मा विनियोजित रकम मध्येबाट काठमाडौं उपत्यका खानेपानी लिमिटेडबाट स्वीकृत लागत अनुमान बमोजिम रु. ३९७००० विनियोजन गरी टोखा नगरपालिका अनुदान व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ बमोजिम प्रचलित कानुन अनुसार खर्च गरी सो को कार्य सम्पन्न प्रतिवेदन, लगायतका कागजातहरु पेश गर्ने गरी काठमाडौं उपत्यका खानेपानी लि. महाराजगञ्जलाई अनुदान निकासा उपलव्ध गराउने ।

CamScanner

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ३६. चालु आ.ब.को लागि संघीय सशर्त तर्फ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आ.ब. २०८१/८२ मा नयाँ च्याउ पकेट विकास कार्यक्रम संचालन कार्यक्रम संचालनको लागि कार्यालयबाट मिति २०८१-९-११ मा प्रकाशित सार्वजनिक सूचना बमोजिम निर्धारित मिति भित्र दर्ता भएका आवेदकहरु श्री आहिल कृषि फर्म, टोखा-२ तथा सपनातिर्थ कृषि फर्म, टोखा-२ ले पेश गरेको प्रस्ताव स्वीकृत गरी नगरपालिका तथा सम्बन्धित आवेदकको ५०/५० प्रतिशत लागत साझेदारी हुने गरी प्रत्येक आवेदक फर्मलाई नगरपालिकाबाट रु. ६ लाख अनुदान उपलब्ध गराई उल्लेखित कार्यक्रम संचालन प्रकृया अगाडि बढाउने ।<br>३७. वडा नं. ४ स्थित गौरब वडा बाल संजालको कार्यकक्ष व्यवस्थापनको लागि विभिन्न सामाग्रीहरु उपलब्ध गराउन उपयुक्त खर्च शिर्षकबाट रकम व्यहोर्ने गरी अधिकतम् रु १ लाख ५० हजार बजेट विनियोजन गर्ने ।<br>३८.टोखा नगरपालिकाको विविध विकास निर्माण गतिविधि समेटिएको भिडियो,विविध सूचना,समाचार,संदेश र जानकारी, आदि श्रव्यदृश्यमा एकिकृत सहितको बृत्तचित्र तयार गरी राष्ट्रिय टेलिभिजन मार्फत प्रशारणको कार्यक्रम स्वीकृत गरी १५ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु ९० हजार विनियोजन गरी न्यूज ९९ एन पि मार्फत कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>३९.मिराज प्रकाशन प्रा.लिद्धारा संचालित ग्लोवनपाना डटकम वेव पोर्टल मार्फत नगरपालिकाका विभिन्न सूचना,समाचार,सन्देश,जानकारी जस्ता गतिविधिहरु प्रकाशन गर्ने कार्यको लागि १५ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु ५० हजार विनियोजन गरी कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>४०.टोखा नगरपालिकाको विविध विकास निर्माण गतिविधि समेटिएको भिडियो,विविध सूचना,समाचार,संदेश र जानकारी, आदि श्रव्यदृश्यमा एकिकृत सहितको बृत्तचित्र तयार गरी राष्ट्रिय टेलिभिजन मार्फत प्रशारणको कार्यक्रम स्वीकृत गरी १५ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु १ लाख ५० हजार विनियोजन गरी मार्फत कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>४१.टोखा नगरपालिकाको विविध विकास निर्माण गतिविधि समेटिएको भिडियो,विविध सूचना,समाचार,संदेश र जानकारी, आदि श्रव्यदृश्यमा एकिकृत सहितको बृत्तचित्र तयार गरी राष्ट्रिय टेलिभिजन मार्फत प्रशारणको कार्यक्रम स्वीकृत गरी १५ औं नगरसभाको खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गरी कार्यक्रम कार्यान्वयन प्रकृया अगाडि बढाउने ।<br>४२.टोखा नगरपालिका वडा नं. ४ स्थित कृष्णमन्दिर देखि जनकल्याण चोक सम्म जाने सडक साविकमा साँघुरो भई सवारीसाधन तथा पैदलयात्रु आवतजावतमा समस्या उत्पन्न भएकोले सम्वन्धित स्थानीयवासीसंग साविकमा कायम रहेको सडकको दायाँवायाँ रहेका संरचना नगरपालिकाको खर्चमा भत्काई दायाँबायाँ सडक विस्तार गरी साविकका संरचनाहरु (वाल कम्पाउण्ड लगायतका विस्तारित सडकक्षेत्र भित्र पर्ने संरचना) |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | पुनर्निर्माण गर्ने सहमति भई सोको आधारमा उल्लेखित कार्यको लागि नगरसभाबाट आयोजना स्वीकृत भएकोमा हाल स्वीकृत आयोजना कार्यान्वयन मार्फत सो स्थानमा बाटो विस्तार गर्ने कार्य आंशिक रुपमा सम्पन्न भई बाँकी क्षेत्रमा सडक विस्तारको लागि समेत बजेट विनियोजन भएकोले सो क्षेत्रमा हाल सम्म भएको सडक विस्तार कार्यको स्वामित्व ग्रहण गर्दै सम्पन्न भएको कार्यको प्राविधिक मूल्याङ्कन अनुसारको रकम भुक्तानी प्रकृया अगाडि बढाउने ।<br>४३.टोखा नगरपालिका नगरकार्यपालिकाको मिति २०८० चैत्र २९ गतेको बैठकबाट भएको निर्णय नं. ४ तथा मिति २०८० श्रावण २५ गतेको बैठकबाट भएको निर्णय नं. ७ खारेज गरी नगरपालिकाबाट उपभोक्ता समिति/ टोल विकास संस्था मार्फत सम्झौता गरी कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमहरुको रकम भुक्तानी सम्झौता भएको सम्वन्धित समिति/संस्थालाई नै गर्ने ।<br>४४.नगरकार्यपालिकाको २०८१ मंसिर २० को निर्णय नं. ४ अनुसार स्वीकृत नगरगानको अडियो तथा भिडियो निर्माणको लागि १५ औं नगरसभाबाट स्वीकृत सेवा तथा परामर्श खर्च शिर्षकमा विनियोजित रकम मध्येबाट खर्च गर्ने गरी रु. ८ लाख ५० हजार विनियोजन गरी अडियो भिडियो निर्माण लगायतका प्रकृया अगाडि बढाउने ।<br>४५.कृषि कार्यक्रम संचालन सम्वन्धि निर्देशिक/कार्यविधि/मापदण्ड तयारीको लागि परामर्श सेवा खरिद गर्न यसै साथ संलग्न नर्म्स स्वीकृत गर्ने ।<br>४६.बागमती प्रदेश सभाबाट जारी स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ बमोजिम आधारभुत स्वास्थ्य केन्द्र, वडा नं. ९ मा कार्यरत सि.अ.न.मी. भगवती मैनालीको माग निवेदन अनुसार निजको मिति २०८२/१०/०५ देखि २०८३/०१/३० सम्म वेतलवी असाधारण विदा स्वीकृत गर्ने ।<br>४७.टोखा नगरपालिका वडा नं. ३ स्थित सरस्वती मा.वि.को विद्यालय भवन लगायत अन्य संरचना निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन तयारी गर्ने कार्यको आयोजना स्वीकृत गरी सम्वन्धित खर्च शिर्षकबाट व्यहोर्ने गरी रु. ५ लाख रकम विनियोजन गरी सार्वजनिक सूचना मार्फत परामर्श सम्वन्धी खरिद प्रकृया अगाडि बढाउने ।<br>४८.बागमती प्रदेश सरकार,कृषि विकास निर्देशनालय,हेटौंडा, मकवानपुरबाट मिति २०८१-११-२८ मा प्रकाशित प्रस्ताव पेश गर्ने सूचना बमोजिम उक्त निर्देशनालयबाट स्वीकृत समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रममा सहभागि भई उक्त कार्यक्रम टोखा नगरपालिका वडा नं. १ मा संचालन गर्ने तथा सोको लागि लाग्ने लागत साझेदारी गर्ने प्रतिवद्धता सहित निर्देशनालयमा प्रस्ताव पेश गर्ने ।<br>४९.टोखा नगरपालिका भित्र स्थायी वसोवास भएका मुटुरोगीहरुलाई रोगको प्रकृति हेरी सोको उपचारमा रु. ५० हजार सम्म आर्थिक सहयोग प्रदान गर्ने गरी शहिद गंगालाल हृदयरोग केन्द्र संग समझदारी गर्ने ।<br>५०.टोखा नगरपालिकाका सामुदायिक विद्यालयहरुमा Green School Program का लागि Center for Development and Disaster Management (CDM Nepal) संग समझदारी गरी साझेदारीमा कार्यक्रम गर्ने । |

| क्र.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|
| | | ५१.वडा नं. ४ स्थिते रैथाने हाट बजार प्रवर्द्धनका लागि सम्वन्धित खर्च शिर्षकबाट वडा कार्यालय मार्फत समन्वय गरी कार्यक्रम संचालन गर्न रु. १ लाख बजेट विनियोजन गर्ने । <br>५२.सामाजिक रुपान्तरणका लागि नागरिक समाजद्धारा आयोजना हुने नागरिक क्रियशन अवार्ड, २०८१ सम्पन्न गर्न आर्थिक सहयोग वापत रु. ५० हजार खर्च शिर्षक नं. २८९११ मा विनियोजित रकम मध्येबाट उपलव्ध गराउने । <br>५३.एडभान्स पत्रकारिता तालिम संचालनको लाग रु. २ लाख खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । <br>५४.नगरपालिकाको विभिन्न गतिविधिहरु प्रकाशन प्रशारण (फरकपत्र डटकम) अनलाईनका माध्यमबाट गर्ने कार्यको लागि रु १ लाख खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । <br>५५.विभिन्न संचार माध्यममा समाचारमूलक सामाग्री प्रकाशन गरी दस्तावेजिकरण गर्ने कार्यको लागि रु ३ लाख खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । <br>५६.नगरपालिकाको समग्र पूर्वाधार निर्माण सम्वन्धी डकुमेन्ट्रि निर्माण तथा प्रशारणकार्यको लागि रु ३ लाख खर्च शिर्षक नं. २२३१५ मा विनियोजित रकम मध्येबाट विनियोजन गर्ने । <br>५७.वडा नं. ९ को संयोजनमा नगरस्तरीय खुल्ला ब्याण्डमिन्टन प्रतियोगिता संचालनको लागि खेलकूद शिर्षकबाट रु. ४ लाख विनियोजन गर्ने । <br>५८.वडा नं. ३ सुर्यदर्शन हाईटको सिर्जनशिल टोलको भित्री बाटो राजन थापाको घर देखि प्रेम गुरुङ्ग समेत आसपासको घर अगाडिको बाटोमा ढल, पानी, ग्राभेल एवं सडकस्तरोन्नती कार्यको आयोजना स्वीकृत स्थानीय लाभग्राही समूहको ४० प्रतिशत र नगरपालिकाको ६० प्रतिशत लागत सहभागितामा आयोजना संचालन गर्ने गरी लागत अनुमान अनुसार नगरपालिकाले व्यहोर्नु पर्ने रकम १५ औं नगरसभाको आयोजना सिनं. १०७२ मा विनियोजित रकम मध्येबाट विनियोजन गरी कार्यान्वयन गर्ने । <br>५९.वडा नं. ७ स्थित द राईजिङ सन युथ क्लवको माग अनुसार उक्त क्लवलाई आवश्यक फर्निचर,फर्निसिङ् एवं इलेक्ट्रिक सामाग्रीहरु उपलव्ध गराउने सम्वन्धित खर्चशिर्षकबाट व्यहोर्ने गरी रु. ३ लाख ५० हजार विनियोजन गरी सामाग्री उपलव्ध गराउने । <br>६०.पूर्व प्रमुख सूचना आयुक्त एवं नेपाल सरकारका पूर्व सचिव श्री कृष्णहरि बाँस्कोटालाई नगरपालिकाले आयोजना गरेका विभिन्न कार्यक्रममा क्षमता विकास सम्वन्धी प्रस्तुतीकरण गरे वापत रु. ५० हजार परामर्श सेवा शुल्कमा विनियोजित रकम मध्येबाट भुक्तानी उपलव्ध गराउने । <br>६१.नगरपालिकाको विभिन्न पदाधिकारी/ कर्मचारी/ कार्यालय प्रयोजनमा प्रयोग भै रहेका तपशिल वमोजिमका सवारी साधनहरुको मर्मत संभार वापतको रकम भुक्तानी उपलव्ध गराउने । |

CamScanner

| क.सं. | प्रस्ताव | निर्णयको व्यहोरा |
|---|---|---|

| क.स | सवारीको विवरण | भुक्तानी गर्नु पर्ने /रकम | सवारी प्रयोगकर्ता/ चालक |
|---|---|---|---|
| १ | बा. प्र.००२००१ ब २५५३ | ४०३४.९७ | बिजेन्द्र श्रेष्ठ |
| २ | बा २ ब २०५२ | ५२१६१.१८ | रमेश रिमाल |
| ३ | बा.प्र.०२-००१ ब ६३०० | ४९६४.९८ | बिमला ढकाल |
| ४ | बा.प्र.०२-००२ ब ३१२१ | ८००९.९७ | बाबुकाजी श्रेष्ठ |
| ५ | बा.प्र.०२-००१-ब ४७३८ | ६४०९.९५ | बसन्त पाठक |
| ६ | बा.प्र.०२-००१ ब ५४९७ | ८९३०.६२ | अजय कार्की |
| ७ | बा.प्र.०२००१ ब. ४७४६ | ३१०७१/- | सौगात श्रेष्ठ |
| ८ | वा २ व ३३२४ | ११४७०/- | जिवन कुमार विष्ट |
| ९ | बा २ झ ३७६६ | १६११८८.८५ | रामलाल श्रेष्ठ |
| १० | बा.प्र.०२-००१-ब ३४४० | १७६६०/- | तिर्थ बहादुर कार्की |
| ११ | वा २ झ १६५१ | २९११७२.७५ | बाबुकाजी श्रेष्ठ |

६२.रकमान्तर सम्वन्धमाः- तपशिल वमोजिम नगरसभाको १५/१६ औं अधिवेशनबाट विभिन्न खर्च उप शिर्षक/क्रियाकलापमा विनियोजन भई वचत भएको रकम मध्येबाट रकम नपुग भएको वजेट उपशिर्षकमा रकमान्तर गरी सम्वन्धित खर्च उपशिर्षक अन्तर्गत विभिन्न क्रियाकलापमा भएको खर्चको भुक्तानी गर्ने ।

| क्र. स. | साविकमा विनियोजित खर्च संकेत | साविकमा विनियोजित खर्च उप शिर्षक | क्रियाकलाप (बार्षिक योजना कितावको सि.नं.) | रकमान्तर हुने रकम (रु. हजारमा ) | रकमान्तर हुने खर्च संकेत | रकमान्तर हुने खर्च उपशिर्षक | क्रियाकलाप | विनियोजन हुने रकम | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | | २००० | २११११ | पारिश्रमिक कर्मचारी | | ९००० | |
| २ | २२२१४ | वीमा तथा नविकरण | | १००० | | | | | |
| ३ | २२४१९ | अन्य सेवा शुल्क | | २००० | | | | | |

CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | २२५११ | कर्मचारी तालिम खर्च | | १००० | | | | | |
| ५ | २२५२२ | कार्यक्रम खर्च | लागत सहभागितामा पारिवारिक स्वास्थ्य वीमा/जनप्रतिनिधि, कर्मचारी सामुहिक दुर्घटना वीमा कार्यक्रम संचालन(२३०) | १००० | | | | | |
| ६ | २२६१२ | भ्रमण खर्च ( जनप्रतिनिधि,कर्मचारी, स्वास्थ्य स्वंयम सेविका लगायत) | | २००० | | | | | |
| | | | | | | | | | |

CamScanner